# बिर्तामोड राजपत्र

बिर्तामोड नगरपालिका,बिर्तामोड, झापाद्वारा प्रकाशित

खण्ड : १ फागुन ३ गते २०७७ साल सङ्ख्या ५

भाग २

## विर्तामोड नगरपालिका लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

प्रमाणिकरण मिति: २०७७।११।०३

प्रस्तावना :

समाजम लैङ्गिक हिंसा निवारणका लागि लैङ्गिक हिंसामा परेका व्यक्तिलाई राहत पुऱ्याउने उद्देश्यले लैङ्गिक हिंसा कोषको स्थापना कानूनी रूपमा व्यवस्था गर्न वान्छनीय भएकोले,



Scanned with CamScanner

बिर्तामोड नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बिर्तामोड नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोष सञ्चालन सम्वन्धी कार्यविधि बनाई लागू गरेको छ।

१.संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "बिर्तामोड नगरपालिका लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ रहेको छ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ख) "सभा" भन्नाले बिर्तामोड नगरपालिकाको नगरसभा लाई सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले बिर्तामोड नगरपालिका लाई सम्झनु पर्छ।

(घ) "कार्यपालिका"भन्नाले बिर्तामोड नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(ङ) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ।

(च) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट भौतिक वा मानसिक रूपले पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ७ बमोजिमको तत्काल उद्धार तथा राहत समिति सम्झनु पर्छ।

(ज)"लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक



Scanned with CamScanner

कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने भौतिक वा मानसिक हिंसा सम्फनु पर्छ।

३. कोषको स्थापना : (१) बिर्तामोड नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामले एक कोष स्थापना गरिने छ र सो कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्,

(क) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नगर सभा बाट लैङ्गिक हिंसा कोषको निमित विनियोजन गरिएको रकम ।

(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

४. कोषको उपयोग : (१) कोषको रकम लैङ्गिक हिंसा पीडित व्यक्तिलाई देहायको कामको लागि मात्र उपलब्ध गराउन उपयोग गरिनेछ ,

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नका लागि वीउ पूँजी (सिड मनि) को रूपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,



Scanned with CamScanner

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका वा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिने छ।

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम दफा (४) मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग एवं खर्च गर्न सकिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल उद्धार तथा राहत समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

**६. पीडितलाई रकम उपलब्ध गराउने :**

पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि दफा (७) बमोजिम गठित तत्काल उद्धार तथा राहत समितिले गरेको निर्णयानुसार कार्यालयले रकम उपलब्ध गराउन सक्ने छ।

**७. तत्काल उद्धार तथा राहत समितिको गठन :** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि बिर्तामोड नगरपालिकामा एउटा तत्काल उद्धार तथा राहत समिति रहनेछ। उक्त समितिको गठन देहाय बमोजिम हुनेछ ,

(क) नगर उप-प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ख) प्रमुख, इलाका प्रहरी कार्यालय -सदस्य

(ग) कार्यपालिकाले तोकेको नगरसभा सदस्यहरू



Scanned with CamScanner

मध्येबाट २ जना महिला -सदस्य

(घ) नगरपालिका क्षेत्रभित्र लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूमध्येबाट समितिले तोकेको त्यस्तो संस्थाको प्रमुख वा प्रतिनिधि एक जना -सदस्य

(ङ) महिला बालबालिका शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(३) तत्काल उद्धार तथा राहत समितिको सचिवालय बिर्तामोड नगर कार्यपालिकाको कार्यालय, महिला तथा बालबालिका शाखामा रहनेछ ।

(४) तत्काल उद्धार तथा राहत समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार : तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने

(ग) नगरपालिका क्षेत्रभित्र लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरूबीच समन्वय गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र लैङ्गिक हिंसा हुन नदिन जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ङ) लैङ्गिक हिंसा निवारणको लागि नीति तय गर्न नगरपालिका समक्ष सिफारिस गर्ने ।



Scanned with CamScanner

(च) नगरपालिका क्षेत्रभित्र लैङ्गिक हिंसाको अवस्थाको बारेमा वार्षिक रूपमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :

(१) यस कार्यविधि बमोजिम लैङ्गिक हिंसा पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा रकम उपलब्ध गराइनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत र वास बस्नुपर्ने भए सो वापत लाग्ने रकम,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रूपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रूपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रूपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रूपैयाँ,

(च) तत्काल उद्धार तथा राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रूपैयाँ



Scanned with CamScanner

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ।

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत महिला वालबालिका शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा तत्काल उद्धार तथा राहत समितिले दफा (९) को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ

**११. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा तत्काल उद्धार तथा राहत समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १०,०००।- (रु. दश हजार) मा नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी



Scanned with CamScanner

रकम उपलब्ध गराएपछि तत्काल बस्ने सञ्चालक समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

१२ छुट्टै खाता खोल्नु पर्ने : (१) कोषको सञ्चालन नगरपालिकाबाट प्राप्त भएको रकम नगरपालिकाको सरकारी कारोबार गर्ने बाणिज्य बैंकमा रहेको विविध कोषको खातामा जम्मा गर्नुपर्नेछ ।

(२) कोषको कारोवारको अभिलेख राख्नका लागि छुट्टै बजेट उपशीर्षकको व्यवस्था गर्नु पर्नेछ,

(३) उपदफा (१) बमोजिम खाता संञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ,

(४) उक्त कोषको लेखा प्रचलित लेखा प्रणाली बमोजिम हुनेछ ।

१३. थप रकम निकासा माग गर्न सक्ने : (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा नगरपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

१४. कोषको लेखा र लेखा परीक्षण : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१५. आवर्ति (रिभल्भिङ) कोष : यो कोष आवर्ति (रिभल्भिङ) कोषको रूपमा रहनेछ ।

१६. प्रतिवेदन पेश गर्ने : (१) राहत समितिले प्रत्येक चौमासिकमा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।



Scanned with CamScanner

(२) कार्यालयले वार्षिक रूपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

१७. **बैठक भत्ता :** सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउने छन् ।

१८. **निर्देशन दिन सक्ने :** (१) कार्यपालिकाले तत्काल उद्धार तथा राहत समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१९. **संशोधन र खारेजी :** यो कार्यविधिको आवश्यकता अनुसार संशोधन वा खारेज गर्ने सर्वाधिकार कार्यपालिकामा मात्र रहने छ ।

आज्ञाले
गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner